संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ २९ गते शुक्रबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले अमेरिकाको न्यूयोर्कमा हुन गइरहेको संयुक्त राष्ट्र संघको ७८ औं महासभामा सम्बोधन गर्न भदौ ३० गते त्यसतर्फ जान लागेको, असोज ४ गते हुने महासभाको सम्बोधन पश्चात् सोही दिन चीन भ्रमणको कार्यक्रम रहेको र उक्त भ्रमणमा एशियाली खेलकुद उद्घाटन समारोहमा सहभागी हुने, चीनियाँ राष्ट्रपतिसँग भेटघाट गर्ने र तिब्बतका उच्च अधिकारीहरुसँग समेत भेटघाट गर्ने सम्बन्धमा जानकारी गराउनु हुँदै अबैध सुन तस्करीको सम्बन्धमा सि.आई.बि.ले प्रतिवेदन बुझाइसकेकोले सरकारले उच्चस्तरीय आयोग बनाउने कार्य प्रारम्भ गरिसकेको, पूर्व सांसद महेन्द्र यादवमाथि साङघातीक आक्रमण गर्नेमाथि कानूनी कारवाही अगाडी बढाइएको, कान्ति बाल अस्पतालमा बालिका मृत्यु भएको घटनाको सम्बन्धमा छानविन गर्न गठित समितिले व्यवस्थापिकिय कमजोरीका कारण घटना घटेको निष्कर्ष निकालेको लगायतका विषयमा सभालाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> माननीय शहरी विकास मन्त्री सिता गुरुङ नेदरल्याण्ड्समा आयोजना हुने BNG Bank को पूर्वाधार लगानीसम्बन्धी कार्यक्रममा सहभागी हुन संवत् २०८० साल भदौ २४ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको शहरी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।
>
> मितिः २०८०/५/२२ (बैकुण्ठ अर्याल)
> मुख्य सचिव

तदुपरान्त सम्माननीय सभामुखले वि.सं. २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा इलाम क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य सुवासचन्द्र नेम्वाङ्गको मिति २०८० साल भदौ २६ गते निधन भएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (च) बमोजिम प्रतिनिधि सभा सदस्य पद एक रिक्त भएको व्यहोरा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१५ को उपनियम (१) बमोजिम बैठकलाई जानकारी गराउनु भयो ।

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले “केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज १४ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको १:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव